**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३२)**

मितिः २०८१/०२/२८ गते

प्रारम्भ: दिनको १: ०० बजे

समाप्त: दिनको ३: ०० बजे

१. समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार निर्देशन दिने निर्णय गरियो ।

“नेपालमा सामाजिक समावेशीकरणबाट वास्तविक लक्षित वर्ग लाभान्वित हुन नसकेको भन्ने गुनासो सुनिदै आएको छ । आरक्षण सम्बन्धी व्यवस्थालाई वर्गीय वा जातीयताका आधारमा नभई आर्थिक समानतामा केन्द्रित बनाउनु पर्ने सन्दर्भमा सामाजिक समावेशीकरणलाई लक्षित वर्गसम्म पुऱ्याउन राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका, प्राप्त उपलब्धि एवं आयोगले सरकारलाई दिएको सिफारिसहरुको कार्यान्वयनको अवस्था अध्ययन-अनुसन्धान गरी तीन महिनाभित्र यस समिति समक्ष प्रतिवेदन पेश गर्न यो समिति राष्ट्रिय समावेशी आयोगलाई निर्देशन गर्दछ ।“

२. समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**